## किन येशूले १२ पुरुष र ० स्त्री छान्नुभयो?

**एउटा प्रतीक पूरा गर्न!** जुन कारणले येशूले ‘पुरूषहरू’ लाई छान्नुभयो, र त्यही कारणले उहाँले ‘यहूदीहरू’ लाई रोज्नुभयो र ‘बाह्र’ संख्या पनि, अर्थात नयाँ इस्राएललाई प्रतिनिधित्व गर्न! यो ‘नमूना’ पूरा गर्न उहाँले दासहरू, वा महिलाहरू, वा अन्यजातिहरू *लिन सक्नुभएन*। अन्य कुनै पनि पनि व्यवस्थाले उहाँका श्रोताहरूलाई उस्तै अर्थ दिनेछैन। त्यसकारण, येशूले जानाजानी १२ यहूदी पुरूषलाई चमत्कारले भरिएको, ईश्वरीय उपचारको उजाडस्थान यात्रा, डाँडाको शिक्षा, र शैतानी शक्तिहरूमाथि विजयको नेतृत्व गर्न चयन गर्नुभयो। पहिलेका पुस्ताहरू, परमेश्वर आफैंले इस्राएलका १२ कुलहरूलाई ४० वर्षको चिन्ह र आश्चर्यकर्महरू मार्फत डोऱ्याउनुभएको थियो।
आफ्नो छनौटद्वारा, येशूले नयाँ इजरायललाई संकेत गर्नुभयो, र उहाँको आफ्नो रगतमा भएको नयाँ करार स्थापनागरी, नयाँ आज्ञाहरू प्रदान गरी उहाँले प्रतीकात्मक रूपमा आफ्नो इश्वरत्व प्रकट गर्नुभयो, आफूलाई नयाँ इजरायलको अगुवाको रूपमा स्थापित गर्नुभयो।

**मुख्य शब्द**

**“बाह्र”**

कूल वा चेलाहरूलाई देखाउँछ... वा येशूलाई?

**आत्माले भरिएको सेवकहरू कसैमाथि हावी हुने अगुवा हुदैन्।**

१२ पुरूष चेलाहरू भएकोले आज स्त्रीहरूलाई परमेश्वरको वरदानहरूमा आधारित येशूको सेवा गर्न निषेध गर्नु हुँदैन! येशूले बाह्र जनालाई कहिल्यै ‘पास्टर’ वा ‘अगुवा’ भनेनन्। उहाँले तिनीहरूलाई मित्र र सेवकहरू भन्नुभयो, र अख्तियारको लागि तिनीहरूको संघर्षमा अन्यजाति जस्तै भएकोमा उहाँले तिनीहरूलाई हप्काउनुभयो (मर्कूस १०:४२–४५)। ती बाह्र जना प्रेरितहरू भनेर चिनिन्थ्यो, तर पावल, सिलास, बर्नाबास, एन्ड्रोनिकस र युनिकस (रोमी १६:७)। एक पृष्ठ हेर्नुहोस्, के तपाईं मलाई एक महिला नेतृत्वको राम्रो बाइबल उदाहरण देखाउन सक्नुहुन्छ? तर येशूको पुनरूत्थान भएको ५० दिनपछि एउटा महत्वपूर्ण घटना भयो। इतिहास परिवर्तन गर्नको लागि केही भयो, सदाको लागि परमेश्वरले मानिसहरूसँगको सम्बन्धित बाटो परिवर्तन गर्नको लागि! त्यो के थियो?

पेन्तिकोसको दिन, प्रेरित पत्रुसले अगमवक्ता योएललाई उद्धृत गरे जब उनले प्रेरित २:१७–१८मा भने,

१७ “आखिरी दिनहरूमा यस्तो हुनेछ भनी परमेश्वर भन्नुहुन्छ, म सबै मानिसहरूमाथि मेरा आत्मा खन्याइदिनेछु, र तिमीहरूका छोराहरू, तिमीहरूका छोरीहरूले अगमवाणी बोल्नेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्, र तिमीहरूका बूढापाकाहरू स्वप्नदर्शी हुनेछन्। १८ हो, म आफ्ना दास–दासीहरूमाथि ती दिनमा मेरा आत्मा खन्याइदिनेछु, र तिनीहरूले अगमवाणी बोल्नेछन्।

जब पवित्र आत्माले विश्वासीहरूमा बास गर्नुभयो, त्यहाँ ‘बाह्र’ संख्याको प्रतिकलाई निरन्तरता दिन आवश्यक थिएन। पेन्तिकोस भन्दा अघि एघार संख्यामा यहूदाको सट्टामा अर्को चेला थपियो। तर पछि, तिनीहरूले याकूब (प्रेरित १२:१–२) वा अरूलाई तिनीहरूको मृत्यु पछि प्रतिस्थापित गरेनन्। एउटा नयाँ अध्याय सुरू भयो, र प्रारम्भिक चर्चको ‘बाह्र, यहूदी, पुरूष’ चेलाहरू भन्दा ठूलो दर्शन थियो!

**सबै जातिका चेलाहरू, सबै विश्वासीहरूको पुजारी**

सुरूमा, येशू यहूदी जाति कहाँ आउनुभयो र सबै चेलाहरू यहूदी थिए। तर महान आज्ञा र पेन्तिकोसले यो सबै परिवर्तन गऱ्यो! चेलाहरू अब सबै देशका जातिहरूबाट छन्, सबै जातिहरूलाई पवित्र आत्माले मण्डलीमा शक्ति दिनुहुन्छ। पहिले, पुजारीगिरी लेवीका पुरुषहरूमा सीमित थियो, अब ख्रीष्टमा, सबै विश्वासीहरू पुजारी हुन्। (१ पत्रुस २:४–५)

**‘बाह्र’ संख्याको प्रतिक पूरा भयो। अब सबै देशका जातिहरूलाई चेला बनाऔं, किनकि हामी ‘पुजारीहरूको राज्य र पवित्र जाति’ हौं!**

## निष्कर्ष

येशूले एउटा प्रतीक पूरा गर्न १२ यहूदी पुरूषहरू छान्नुभयो ...जसले नयाँ इस्राएललाई र येशूलाई एक अगुवा(परमेश्वर)को रूपमा इशारा गर्दछ ! अब, यो पेन्तिकोस पछिको नयाँ दिन हो। अब पवित्र आत्मा सबै विश्वासीहरूमा बास गर्नुहुन्छ। अब कोही पनि येशूको सेवा गर्न अयोग्य नठहरियोस्–चाहे दास होस् वा फुक्का, यहूदी वा अन्यजाति, पुरूष वा स्त्री।

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com